बागमती प्रदेश सरकार
# पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः
चलानी नम्बरः

## विज्ञप्ति।

यस मन्त्रालय अन्तर्गतका निकायबाट उपलब्ध हुने सेवा प्रवाह र नागरिकले पाउने सूचना लगायतका विषयलाई थप व्यवस्थित, जनमैत्री, छिटोछरितो, सुलभ, कम खर्चिलो, झन्झटमुक्त बनाई गुणस्तरीय सेवा प्रदान गर्न तपसिल बमोजिमका कार्य यथाशीघ्र गर्न गराउनका लागि बागमती प्रदेश सरकार, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले निर्णय गरेको छ ।

तपसिल :

क) कार्यालयमा सबैले देख्ने गरी क्षतिपूर्ति सहितको नागरिक वडापत्र अविलम्ब राख्ने एवम् समयकार्ड लागू गरी तोकिएको समयमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउने,

ख) कार्यालयको काममा कर्मचारीलाई उत्प्रेरित गर्ने, प्रत्येक कर्मचारीलाई कार्यविवरण सहितको जिम्मेवारी तोक्ने, नियमित रुपमा कार्यालयमा स्टाफ बैठक राखी सेवा प्रवाहमा सुधार गर्ने र गुनासो सुनुवाईको प्रबन्ध मिलाउने,

ग) कार्यालयमा निर्धारित समयमा नियमित रूपले हाजिर, समयपालना, नियमितता, तोके बमोजिमको पोशाक तथा परिचयपत्र लगाउने साथै ई- हाजिरीलाई अनिवार्य गर्ने,

घ) कार्यालय समयमा सामाजिक सञ्जाल, शेयर ब्रोकर कार्यालयमा गई वा कार्यकक्ष माध्यमबाट शेयर तथा अन्य विद्युतीय कारोवार गर्न नदिने व्यवस्था मिलाउने,

ङ) कार्यालय समयमा अनलाईन माध्यमवाट लिखित तथा मौखिक प्रशिक्षण दिने एवम् कर्मचारीहरु कार्यालय समयमा त्यस्ता प्रशिक्षणमा प्रशिक्षार्थीको रुपमा सहभागी हुन नदिने व्यवस्था मिलाउने,

च) कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा अनलाईन लगायतका नविनतम प्रविधिको प्रयोग गर्ने, आवश्यकता अनुसार सेवाग्राहीका कागजातहरुको विवरण डिजिटाइजेसन गर्ने, वेबसाईट अद्यावधिक गरी सुसूचित गराउने व्यवस्था मिलाउने,

छ) कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय, पार्किङको व्यवस्था गर्ने, कार्यालय परिसर सफा राख्ने र मर्मत संभारको व्यवस्था मिलाउने,

ज) कार्यालयमा रहेका लिलामी हुने सामानहरु समयमा नै लिलामी गर्ने साथै पुराना कागज पत्रहरु नियमानुसार धुल्याउने व्यवस्था मिलाउने,

बागमती प्रदेश सरकार
पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

झ) कार्यालयको चौमासिक विभाजन अनुसारको कार्य हुने गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने,

ञ) पूँजिगत खर्चमा वृद्धि गर्न तोकिएको समयमानै कार्यक्रमको सम्झौता गर्ने व्यवस्था गर्ने र कार्य सम्पन्न भएको योजनाको समयमै भुक्तानी दिने व्यवस्था मिलाउने,

ट) कार्यालय प्रमुखले कार्यालय छोड्दा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने,

ठ) असहाय, जेष्ठ नागरिक, अपाङ्गता भएका सेवाग्राहीहरुलाई सेवा प्रवाहमा प्राथमिकता दिने,

ड) सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ मा भएको व्यवस्था अनुसार सूचना अधिकारी तोक्ने साथै सेवाग्राहीबाट प्राप्त भएका गुनासो/उजुरी यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था मिलाउने,

ढ) सेवा प्रदान गर्ने कार्यालयले सेवाग्राहीले सेवा प्राप्त गरेपछि सेवाग्राही सन्तुष्टी फारम प्रयोगमा ल्याउने व्यवस्था मिलाउने,

ण) माथि उल्लिखित कार्य भए नभएको सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।

उत्तम चापागाई
प्रवक्ता

मिति २०७९/१०/१९